बैठक नं.१३

आंज मिति २०८०/०३/१३ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उपमहानगरपालिकाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरसभा सदस्यहरुको उपस्थितिमा नगरसभाको तेह्रौं अधिवेशनको चौथो बैठक बसियो ।

समय: दिनको १:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

**उपस्थिति:**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख/अध्यक्ष | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख/उपाध्यक्ष | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | शुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरिप्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिप कुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | [signature] |
| १६ | दधिराम न्यौपाने | सदस्य | [signature] |
| १७ | शिव राना | सदस्य | [signature] |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | [signature] |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | [signature] |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | [signature] |
| २१ | चन्द्र सिंह थापा मगर | सदस्य | [signature] |
| २२ | निलम गौतम | सदस्य | [signature] |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | [signature] |
| २४ | बसन्ती वि.क. | सदस्य | [signature] |
| २५ | रिना भुसाल | सदस्य | [signature] |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | [signature] |
| २८ | यम बहादुर सुनार | सदस्य | [signature] |
| २९ | हेमा थामी | सदस्य | [signature] |
| ३० | प्रेमशिला धोवी | सदस्य | [signature] |
| ३१ | अदिल अहमद | सदस्य | |
| ३२ | आईप्रसाद राई | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | गंगा घिमिरे | सदस्य | [signature] |
| ३४ | कुमारीदेवी दर्नाल | सदस्य | [signature] |
| ३५ | सुमित गुरुङ्ग | सदस्य | |
| ३६ | गौतमलाल शाक्य | सदस्य | [signature] |
| ३७ | पवित्रादेवी श्रेष्ठ | सदस्य | [signature] |
| ३८ | रतिमाला वि.क. | सदस्य | [signature] |
| ३९ | अमृत खड्का | सदस्य | [signature] |
| ४० | हरिनारायण मिश्र | सदस्य | [signature] |
| ४१ | पुनम थापा | सदस्य | [signature] |
| ४२ | गोमा नेपाली | सदस्य | [signature] |
| ४३ | अरुणकुमार श्रेष्ठ | सदस्य | [signature] |
| ४४ | गफुर मियाँ | सदस्य | |
| ४५ | यमुना श्रेष्ठ | सदस्य | [signature] |
| ४६ | विन्दु वि.क. | सदस्य | [signature] |
| ४७ | अनिल गहतराज | सदस्य | [signature] |
| ४८ | श्याम बहादुर थापा | सदस्य | [signature] |
| ४९ | पम्फाकुमारी थापा | सदस्य | [signature] |
| ५० | तारा गहतराज | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | चिने श्रेष्ठ | सदस्य | |
| ५२. | प्रशान्त पाण्डे | सदस्य | |
| ५३ | तुल्सी विश्वकर्मा | सदस्य | तुल्सी |
| ५४ | सन्दिप खनाल | सदस्य | Skhanal |
| ५५ | वीर बहादुर तामाङ्ग | सदस्य | |
| ५६ | सीता खनाल | सदस्य | |
| ५७ | सविता वि.क. | सदस्य | |
| ५८ | हरिहर ज्ञवाली | सदस्य | |
| ५९ | तुल बहादुर थापा | सदस्य | |
| ६० | इन्दिरा ज्ञवाली | सदस्य | |
| ६१ | माया परियार | सदस्य | माया |
| ६२ | सूर्य बहादुर कार्की | सदस्य | |
| ६३ | विवेश पुरी | सदस्य | |
| ६४ | यमुना काउचा | सदस्य | |
| ६५ | सनीसरा सार्की | सदस्य | |
| ६६ | रमेश प्रसाद अधिकारी | सदस्य | |
| ६७ | मिन बहादुर सारु मगर | सदस्य | |
| ६८ | मायादेवी दमाई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६९ | नकुल शाही ठकुरी | सदस्य | |
| ७० | युवराज राना | सदस्य | |
| ७१ | गंगा कुमारी वि.क. | सदस्य | |
| ७२ | गंगादत्त पौडेल | सदस्य | |
| ७३ | विष्णु बहादुर थापा | सदस्य | |
| ७४ | मन्दिरा देवी गौडेल | सदस्य | |
| ७५ | कृष्ण सुनार | सदस्य | |
| ७६ | लाल बहादुर गुरुङ्ग | सदस्य | |
| ७७ | झविन्द्र थापा | सदस्य | |
| ७८ | नरमदा खत्री | सदस्य | |
| ७९ | धनमाया सुनार | सदस्य | |
| ८० | राम प्रसाद पराजुली | सदस्य | |
| ८१ | हरि प्रसाद चौधरी | सदस्य | |
| ८२ | रमा पौडेल | सदस्य | |
| ८३ | मन्जु दर्जि | सदस्य | |
| ८४ | सूर्य प्रसाद काफ्ले | सदस्य | |
| ८५ | कुल प्रसाद लम्साल | सदस्य | |
| ८६ | विष्णुदेवी गैरे सापकोटा | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | सोमनाथ दंगोरिया | सदस्य | |
| ८८ | कुमबहादुर मर्चाह | सदस्य | |
| ८९ | देवीकुमारी दंगोरिया | सदस्य | |
| ९० | रेखा वि.क. | सदस्य | |
| ९१ | तुलसी बहादुर चौधरी | सदस्य | |
| ९२ | रामप्रसाद न्यौपाने | सदस्य | |
| ९३ | राधिका घर्ति मगर | सदस्य | |
| ९४ | अन्जु वि.क. | सदस्य | |
| ९५ | हरि प्रसाद सुवेदी | सदस्य | |
| ९६ | रिता थारु | सदस्य | |
| ९७ | लक्ष्मी थारु | सदस्य | |
| ९८ | सुन्ताना परियार | सदस्य | |
| ९९ | शेर बहादुर थापा | सदस्य | |
| १०० | लोकनाथ गोतामे | सदस्य | |
| १०१ | टेकराज पन्थी | सचिव | |

"समानता, स्वाभिमान र अवसर - बस्नयोग्य बुटवल शहर"


**प्रस्ताव नं.१३.४.११**
**संगठन स्वरूप, कर्मचारी दरवन्दी र पदनाम सम्बन्धमा ।**

निर्णय नं.१३.४.११
बुटवल उपमहानगरपालिकाको संगठन संरचना र नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरूको लागि आवश्यक कर्मचारी दरवन्दी सहित O&M सर्वे गरी २०७९ पौषमा वसेको नगर सभाको १२ औं अधिवेशनले स्वीकृत गरी कार्यान्वयन भई रहेकोमा उक्त संगठन संरचना बमोजिमको महाशाखा र शाखाहरूबाट भईरहेको काम कारवाहीहरूलाई थप व्यवस्थित गर्नका लागि मौजुदा संगठन संरचनामा देहाय बमोजिम हुने गरी परिमार्जन गर्न आवश्यक भई सभाध्यक्षज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मति भएकोले पारित गर्ने निर्णय गरियो ।

- हाल कार्यान्वयनमा रहेको आर्थिक विकास महाशाखाको नामलाई संशोधन गरी आर्थिक विकास तथा समाजकल्याण महाशाखा कायम गर्ने ।
- हाल कार्यान्वयनमा रहेको वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखाको नामलाई संशोधन गरी वन, वातावरण तथा अनुगमन महाशाखा कायम गर्ने ।
- सामाजिक विकास महाशाखा अन्तर्गत रहेका महिला वालवालिका तथा समावेशीकरण शाखा र पञ्जीकरण शाखालाई आर्थिक विकास तथा समाजकल्याण महाशाखा अन्तर्गत राख्ने ।
- सामान्य प्रशासन महाशाखा अन्तर्गत रहेको सूचना प्रविधि तथा तथ्याङ्क शाखालाई सामाजिक विकास महाशाखा अन्तर्गत राख्ने ।

अनसूची ११

## बुटवल उपमहानगरपालिका, बुटवलको संगठन संरचना




नोट: बधशाला-३०, बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र-३०, बुटवल मण्डप-३० जनाको दरबन्दी रहनेछ । उक्त दरबन्दीहरूमा सम्बन्धित निकायको वितीय श्रोतबाट व्यवस्थापन गर्ने तथा नगरपालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी काकाजमा लगाउन सक्नेछ ।

O&M ले निर्दिष्ट गरे बमोजिम बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाकाको कार्यालय र अन्तर्गतका कार्यालयहरूका लागि उल्लेखित संगठन संरचना बमोजिम हुने गरी श्रेणी विहिनदेखि अधिकृतस्तर दशौं तहसम्म आ.व.०८०/०८१ का लागि कूल ५४१ कर्मचारी दरवन्दी कायम गर्ने ।

अधिकृतस्तर छैटौं तहदेखि अधिकृतस्तर दशौं तहसम्मका कर्मचारीहरू कार्यरत रहेको र पद नाम नहुँदा पहिचानमा असुविधा भएकोले नगरकार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृतस्तर देखि माथिका कर्मचारीहरूको लागि देहाय बमोजिमको पदनाम कायम गर्ने :

१- अधिकृतस्तर ९/१० तह र महाशाखा प्रमुखहरू - निर्देशक
२- अधिकृतस्तर आठौं तह -उपनिर्देशक
३- अधिकृतस्तर सातौं तह - सहायक निर्देशक
४- अधिकृतस्तर छैटौं तह - शाखा अधिकृत
५- अधिकृतस्तर देखि तल सहायक तहहरूमा समेत अन्य स्थानीय तहहरूको अभ्यास र प्रचलनलाई समेत अध्ययन गरी पदनामलाई सरल बनाइनेछ ।

प्रस्ताव नं.१३.४.१२
**समसामयिक विविध प्रस्तावहरू निर्णय हुन र केही विविध निर्णयहरू समर्थन एवं अनुमोदन सम्बन्धमा ।**

निर्णय नं.१३.४.१२
सभाध्यक्षज्यूबाट प्रस्तुत देहाय बमोजिमका निर्णयहरूमा सर्वसम्मति भएको हुँदा पारित गर्ने निर्णय गरियो ।

१. जापानको सोजा City सँग Sister City कायम गर्नका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

२. मिति २०७९/१०/११ मा बुटवल उपमहानगरपालिका नगरसभाको बाह्रौं अधिवेशन बसेको हुँदा सो बाह्रौं अधिवेशन पश्चात देहायको मितिहरूमा बसेको नगर कार्य पालिकाको बैठकहरूबाट भएका विभिन्न निर्णयहरू अनुमोदन एवं समर्थन गरियो ।

| मिति | बैठक नं. | मिति | बैठक नं. |
|---|---|---|---|
| २०७९/११/०२ | १३ | २०८०/२/३ | १७ |
| २०७९/१२/१३ | १४ | २०८०/२/३१ | १८ |
| २०७९/१२/३० | १५ | २०८०/३/६ | १९ |
| २०८०/०१/२१ | १६ | २०८०/३/९ | २० |

३. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका कर्मचारीहरू मध्ये अधिकृतस्तर दशौं तहदेखि अधिकृतस्तर छैटौं तहसम्मका १६ सोह्र जना कर्मचारीहरूबाट नेपाल सरकारको श्रेणीगत प्रणालीमा रहेका निजामती कर्मचारीहरू स्थानीय तहमा तहगत स्तरबृद्धि हुँदा कर्मचारीहरूले समायोजन हुनुभन्दा पहिले खाइपाई आएको ग्रेड संख्या उपलब्धताको लागि निवेदन गरेको । सो विषयमा अध्ययन गराई प्रतिवेदन लिन मनासिव हुने ठानी मिति २०८०/२/३१ मा बसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. १८.८.३ बाट कार्यदल गठन गरिएको र उक्त कार्यदलले स्थानीय तहमा समायोजित कर्मचारीहरू तहगत मिलान हुँदा साविकमा खाइपाई आएको ग्रेड संख्या कटौती हुन उपयुक्त देखिदैन भनी प्रतिवेदन प्राप्त भएको हुँदा सोही प्रतिवेदनलाई आधार मानी मिति २०८०/३/९ मा बसेको नगर कार्यपालिकाको २० औं बैठकको निर्णय नं.२०.६.२ बाट प्रतिवेदन बमोजिम कार्यान्वयन गर्ने र समायोजन भई आएका सबै कर्मचारीहरूको तलवी प्रतिवेदन समेत नगरकार्यपालिकाको कार्यालयबाटै पारित गर्ने व्यवस्था मिलाउने गरी सभामा पेश गर्ने भनी सिफारिस भएको हुँदा उल्लेखित ग्रेड संख्या छुट भएका १६ सोह्र जना कर्मचारीहरूलाई छुट भएको मिति देखिनै निजहरूले खाइपाई आएको ग्रेड सुविधा उपलब्ध गराउने र हाल कार्यरत सबै कर्मचारीहरूको तलवी प्रतिवेदन समेत पारित गर्ने गरी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

४. करारमा कार्यरत नगरप्रहरीहरू र अन्य कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गर्नका लागि आवश्यक कानूनको निर्माण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

५. नगरकार्यपालिकाको कार्यालयमा हाल कार्यरत् करारका कर्मचारीहरूको आवश्यकताको आधारमा म्याद थप गर्दै जाने निर्णय गरियो ।

६. बुटवल उपमहानगरपालिका वडा नं. १३ जवई स्थित उजिरसिंह रंगशालामा साबिक देखिनै नगरस्तरका खेलहरू संचालन हुदै आईरहेको र उक्त खेल मैदानको स्तरोन्नती गरी अन्तराष्ट्रियस्तरको उजिरसिंह रंगशाला निर्माण गर्न साविकमा जंगल जनिएको सो जग्गा खेल मैदानको रूपमा प्रयोग हुदै आएको क्षेत्रफल ४-१०-० (चार बिगाह दश कठ्ठा) अर्थात ३.४ हेक्टर जग्गा बुटवल उपमहानगरपालिकाको नाममा

प्राप्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरी जग्गा माग गर्ने र उल्लेखित जग्गा यस बुटवल उपमहानगरपालिकाको नाममा प्राप्त हुने भएमा सो बराबरको जग्गा यस बुटवल उपमहानगरपालिकाको नाममा रहेको पाल्पा जिल्ला साबिक यम्घा गा.वि.स. वडा नं. ३ स्थित कि.नं. १०७७, १२९२, १२९४, १६३८, १०७६, १०७८, १०९०, १०९१, १२९१, १२९३, १२९५, ८७४, १०८३, ८६६, ८०३ र १६४० जग्गा मध्येबाट ३.४ हेक्टर क्षेत्रफल बराबरको जग्गा सट्टा भर्ना वापत नेपाल सरकार वन तथा वातावरण मन्त्रालयलाई उपलब्ध गराउने गरी सिफारिसका लागि स्वीकृति प्रदान गर्ने र सो विषय अनुमोदनका लागि यस सभामा पेश गर्ने गरी निर्णय भएको हुँदा अनुमोदन गरियो ।

७. कार्यालय प्रमुखबाट हालसम्म भएको लेखासम्बन्धी र प्रशासनिक कार्यहरू अनुमोदन गरियो ।

८. उपमहानगरपालिकाले आय ठेक्का वा अन्य व्यवस्थापनका लागि बहाल सम्झौता गरेका आर्थिक ऐनले सम्वोधन नगरेका सम्पत्ति बहालका सम्बन्धमा आवश्यक निर्णय गरी व्यवस्थापन गर्ने कार्यपालिकालाई अधिकार सहित निर्देशन दिने निर्णय गरियो ।

९. तिनाउ नदीमा तटवन्ध गरी ड्याम निर्माण गरेर हिउदमा पानीको संकलन गरी स्टिमर संचालन गर्ने र साँझमा आरती गर्ने गरी तिनाउ आरती केन्द्र क्षेत्रको रूपमा विकास एवं विस्तार गरी पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउने गरी पूर्वाधारका कार्यहरू निर्माणमा आवश्यक सहयोग हुन प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१०. बुटवल-३ स्थित ज्योतिनगर पहिरोको दीर्घकालीन व्यवस्थापनका लागि आवश्यक सहयोग हुन संघीय सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरूमा अनुरोध गर्ने निर्णय गरियो ।

११. बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका पार्क एवं स्टेडियम निर्माणमा आवश्यक सहयोग हुन संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१२. झुम्सा खानेपानी आयोजनालाई पूर्णता दिने गरी आवश्यक सहयोग हुन संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१३. चिडियाखोलाबाट आपूर्ति हुँदै आएको खानेपानीलाई शुद्धिकरण गरी पानी वितरण गर्न आवश्यक फिल्टरको व्यवस्थाका लागि संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१४. बुटवल-१ स्थित पुरातात्विक एवं ऐतिहासिक क्षेत्रको निर्माण एवं व्यवस्थापनका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरूमा अनुरोध गर्ने निर्णय गरियो ।

१५. बुटवल-१ स्थित जितगढी किल्लाको बिशेष व्यवस्थापनका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरूमा अनुरोध गर्ने निर्णय गरियो ।

१६. बुटवल-२ स्थित फुलवारीमा रहेको सेनवंशीय ग्रीस्मकालीन दरवारको संरक्षण गरी पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउनका लागि आवश्यक सहयोग हुन पुरातात्विक विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

१७. बुटवल उपमहानगरपालिका वडा नं ४, ६, ७ र ८ हुदै बग्ने सुखौरा खोला माथि सडक निर्माण गर्नका लागि संघीय सरकारका सम्बन्धित निकायहरूमा अनुरोध गर्ने निर्णय गरियो ।

१८. बुटवल उपमहानगरपालिका क्षेत्रभित्र एक आधुनिक खालको नगरस्तरीय अस्पताल निर्माणका लागि आवश्यक सहयोग हुन सङ्घीय सरकारका सम्बन्धित निकायहरूमा अनुरोध गर्ने निर्णय गरियो ।

१९. उपयुक्त स्थानमा फोहोर व्यवस्थापन केन्द्रको स्थापनाका लागि सङ्घीय सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था, दातृनिकायहरू र व्यक्तिहरूसँग समन्वय गरी आवश्यक कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

२०. ADB मार्फत संचालन एवं कार्यान्वयन हुने आयोजनाहरूलाई तिव्र रूपमा संचालनमा ल्याउने निर्णय गरियो ।

२१. बुटवल उपमहानगरपालिका वडा नं. ९ स्थित लुम्बिनी बस टर्मिनल परिसरमा पार्किङ्ग व्यवस्थापनका लागि नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा भौतिक सुविधा सहितको आधुनिक वहुतले पार्किङ्ग भवन र व्यावसायिक कोसेली भवन निर्माण प्रक्रिया तत्काल अगाडि बढाउनका लागि नगरकार्यपालिकालाई अधिकार सहित यो बैठक निर्देशन गर्दछ ।

२२. पूर्व पश्चिम लोकमार्ग अन्तर्गत बुटवल उपमहानगरपालिका वडा नं. १० स्थित बुटवल धागो कारखानादेखि उत्तर तर्फको वडा नं. ७ मा पर्ने नेपाल सरकार वनको स्वामित्वमा रहेको जग्गा मध्येको २५-०-० पच्चिस विगाह जग्गामा प्रादेशिकस्तरको वसपार्क, निर्माण प्रयोजनका लागि शिवनगर सामुदायिक वन समूहबाट सहमति भई आएको र वडा नं.९ स्थित हालको वसपार्क सानो एवं साँघुरो समेत भएकोले उक्त वसपार्कलाई City Bus Park बनाउने र प्रादेशिकस्तरको वसपार्क निर्माण गर्नका लागि उल्लेखित २५-०-०पच्चिस विगाह जग्गा प्राप्तिका लागि सङ्घीय सरकारका सम्बन्धित निकायहरूमा अनुरोध गर्ने निर्णय गरियो ।

२३. ऐन, नीति बनाउने अधिकार यस सभामा निहित रहेको र अन्य नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डहरू नगर कार्यपालिकाबाटै स्वीकृत हुने प्रावधान रहेको भए तापनि विगतमा कतिपय कानूनहरू सभाबाटै स्वीकृत भएको पाइएकोले कार्यान्वयन गर्ने सन्दर्भमा केही वाधा पर्न गएमा नगर कार्यपालिकाको क्षेत्राधिकार भित्रका त्यस्ता कानूनहरू नगर कार्यपालिकाबाटै संशोधन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२४. बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकहरूबाट विभिन्न कार्यक्रम निर्माण कार्य एवं सहयोग सम्बन्धमा रकम उपलब्ध गराउने गरी भएको निर्णय बमोजिम चालु भैपरी, पुँजीगत भैपरी एवं अन्य सम्बन्धित बजेट शीर्षकहरूबाट भएको भुक्तानी रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२५. कार्यालय सञ्चालनको लागि चालु तर्फ विनियोजित केही शीर्षकहरूमा रकम नपुग हुने भई चालु तर्फकै वचत हुने शीर्षकहरूबाट तपशिल बमोजिम हुने गरी भएको रकमान्तरलाई अनुमोदन एवं समर्थन गर्ने निर्णय गरियो ।

| घटाउने | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशीर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम |
| १ | ८०५४८३०११०१ | पारिश्रमिक कर्मचारी | 21111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०५०००००. |
| २ | ८०५४८३०११०१ | कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा | 21139 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २३०००००. |
| | | | | | | जम्मा | | १२८०००००. |
| बढाउने | | | | | | | | |
| सि.नं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशीर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम |
| १ | ८०५४८३०११०१ | करार सेवाका कर्मचारीको तलव | 21111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ९००००००. |
| २ | ८०५४८३०११०१ | अतिथि सत्कार खर्च कार्यालयतर्फ | 22711 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ८०००००. |
| ३ | ८०५४८३०११०१ | विभिन्न इलेक्ट्रोनिक एवं फर्निचर मर्मत | 22221 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०००००. |
| ४ | ८०५४८३०११०१ | दैनिक भ्रमण भत्ता राष्ट्रिय तथा अन्तराष्ट्रिय | 22612 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १००००००. |
| ५ | ८०५४८३०११०१ | दीर्घकालिन ऋणको ब्याज नगर विकास कोष | 24211 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १५०००००. |
| | | | | | | जम्मा | | १२८०००००. |

२६. चालु आ.व. २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत नगर सभाबाट अनुमोदन हुने गरी विभिन्न मितिमा शीर्षकान्तर/रकमान्तरको निर्णय गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाईएका देहाय बमोजिमका योजनाहरूको शीर्षकान्तर/रकमान्तरको निर्णय अनुमोदन गरियो ।

| क.सं. | योजनाको नाम र ठेगाना | विनियोजित बजेट रू. | शीर्षकान्तर/रकमान्तर गरिएको योजना | बजेट रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेवाः पुचः वडा नं. ६ फर्निचर | ३,००,०००।- | नेवाः पुचः भवनको छतमा ट्रस निर्माण वडा नं. ६ | ३,००,०००।- | |
| २ | ब्रह्म कुमारी इश्वरीय विश्व विद्यालय भवन निर्माण सहयोग | २०,००,०००।- | ब्रह्मकुमारी ईश्वरीय विश्व विद्यालय एंव राजयोग प्रशिक्षण केन्द्र नेपाल, बुटवलको निर्माणाधिन भवनमा ईन्टिरियर फर्निचर | २०,००,०००।- | |
| ३ | अधिकारीपथ सडक निर्माण वडा नं.१० सि.नं.१०७० | ४,००,०००। | रामनगर क्षेत्र विकास कोष वाउण्ड्री निर्माण वडा नं.१० | १८०००००।- | जनसहभागिता नजुटेकोले |
| ४ | अभियानपथ सडक मर्मत वडा नं.१० सि.नं. ५५० | १८०००००। | क्रियापुत्री भवन निर्माण रामनगर वडा नं. १० | १८०००००।- | एडिबिको कार्यक्रम रहेकोले |
| ५ | पुतलीपथ सडक निर्माण वडा नं.१० सि.नं.१०७८ | २५००००।- | सत्यसाई मार्ग सडक निर्माण वडा नं.१० | ६५००००।- | जनसहभागिता नजुटेकोले |
| ६ | प्रभुपथ सडक निर्माण वडा नं.१० सि.नं.१०७९ | ४०००००।- | | | |
| ७ | सिद्धार्थपथ नाली सरसरफाई वडा नं.१२ सि.नं.१२०० | १०००००।- | तामनगर सामुदायिक अध्ययन केन्द्र शौचालय निर्माण सहयोग | १०००००।- | जनसहभागिता नजुटेकोले |

२७. बुटवल उपमहानगरपालिकाबाट गत आ.व.२०७८/०७९ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत देहायको योजनाको जाँचपास तथा फरफारक समिति र कार्यालयबाट समेत स्थलगत निरीक्षण, अनुगमन हुँदा निर्माण कार्यको थप सुधार गर्नुपर्ने भनी सुझाईएको, योजनाको उपभोक्ता समितिले काम गरिसकेको, पेश्की पनि दिने व्यवस्था नहुंदा उपभोक्ता समितिले सर सापटी गरी काम गरेको अवस्था सिर्जना भएको, तत्काल वर्षायाम शुरू भएकोकारण कार्य पनि हुन नसकेको । हाल ती योजनाको सुधार गरी सम्बन्धित वडा समितिको निर्णय सहित भुक्तानीको लागि सिफारिस समेत भई आएकोले चालु आ.व. को लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सि.नं. ५६४ खर्च शीर्षक ३११५१ आ.व.०७८/०७९ **मा सम्झौता भई भुक्तानी हुन बाँकी योजना तथा कार्यक्रम भुक्तानीका लागिमा** प्राविधिक टोली गठन गरी पुन: मूल्याङ्कन र गुणस्तर मापन भएपछि कानुनी टुङ्गो भएपछि मात्र देहायमा विनियोजित रकमबाट देहाय बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | ल.ई. | बजेट रू. | उपभोक्ता समितिले व्यहोरेको रकम रू. | योजनाको मूल्यांकन रकम रू. | २०७९ असार मसान्त मा भुक्तानी भएको रकम रू. | भुक्तानीको लागि पेश भएको रकम रू. |
|---|---|---|---|---|---|---|---|---|
| १ | पराजुली पथ कालोपत्रे निर्माण कार्य | १५ | १९,९४,७७६।१५ | १५,००,०००।- | ४,९४,७७६।१५ | १८,३३,११०।२४ | ५७१,६९२।-- | ८०७,५०९।३ |

२८. यस बुटवल उपमहानगरपालिकाको नगर सभाको तेह्रौं अधिवेशनको दोस्रो बैठकबाट पारित वार्षिक नीति तथा कार्यक्रमको बुदा नं.३०१ मा बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेका पुराना भवनहरूको नक्सा अभिलेखीकरण गर्न निश्चित समय अवधि तय गरी घरनक्सालाई व्यवस्थित गरिनेछ भनी नीति समेत स्वीकृत भईसकेको हुँदा उल्लेखित नीतिलाई आधार मानी विगतमा बनेका त्यस्ता भवन संरचनाहरूलाई ६ महिनाको समय सिमा तोकी नक्शा अभिलेखिकरणको दायरामा ल्याउनका लागि आवश्यक प्रक्रिया अवलम्बन गर्न नगर कार्यपालिका मार्फत नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२९. यस बुटवल उपमहानगरपालिकाको स्वीकृत आर्थिक ऐनले निर्दिष्ट गरे बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट नदीजन्य पदार्थको रोयल्टी प्रति घनफुट रू. १८।- कायम गरिएको भए तापनि राष्ट्रिय गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजनालाई लुम्बिनी प्रदेशले तोकेको दरमा उपलब्ध गराउने निर्णय गरियो । साथै यस अघि गौरवका आयोजना र P1 आयोजनालाई उपलब्ध गराइएको कार्यलाई यसै अनुसार हुने गरी अनुमोदन गर्ने समेत निर्णय गरियो ।

३०. महालेखा परीक्षकको कार्यालय अनामनगर काठमाण्डौंको प.सं. २०७९/२०८० च.नं. ८० मिति २०७९/१२/२९ को लेखापरीक्षकबाट प्राप्त आ.व. २०७८/२०७९ को वार्षिक लेखापरीक्षण प्रतिवेदन २०७९ आजको सभामा पेश भई छलफल गरियो । उक्त वार्षिक प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरू कार्यान्वयन गर्ने र आगामी दिनहरूमा क्रमश: सुधार गर्दै जाने समेत निर्णय गरियो ।

३१. चालु आ.व.०७९/०८० को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत सि.नं. ३८२ संचारकर्मी प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम शीर्षकमा विनियोजित रू. १० लाखबाट देहायका संचार संस्थाहरूलाई देहाय बमोजिमको प्रयोजनका लागि देहाय बमोजिमको सहयोग चालु आ.व.कै उक्त शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | सञ्चार संस्था/माध्यमको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | प्रेस चौतारी नेपाल रूपन्देही | फुटसल प्रतियोगिता | ७०,०००/- |
| २ | प्रेस युनियन रूपन्देही | जिल्ला भेला | १०००००/- |
| ३ | प्रेस सेन्टर रूपन्देही | अनुदान | ४००००/- |

| | | | |
|---|---|---|---|
| ४ | बुटवल टुँडे दैनिक | वार्षिक प्रगति प्रकाशन | २५०००/- |
| ५ | साइन मिडिया एण्ड एडभरटाईजिङ्ग | जनप्रतिनिधिका एक वर्ष भिडियो सामग्री तयार | १०००००/- |
| ६ | बुटवल सञ्चार केन्द्र | जापान भ्रमणका लागि भिडियो तयार | ७००००/- |
| ७ | नेपाल समाचार पत्र दैनिक | विशेषाँक सामग्री प्रकाशन | ४५०००/- |
| ८ | बुद्ध सामुदायिक टेलिभिजन | अनुदान | १,०००००।- |
| ९ | क्रियाशिल पत्रकार महिला रूपन्देही | अनुदान | ४०,०००।- |
| १० | प्रगतिशील पत्रकार संघ, नेपाल | राष्ट्रिय कार्यक्रम | १०००००/- |
| ११ | रेडियो नेपाल | विशेषाँक प्रकाशन | २८२५०/- |
| १२ | पालिका खबर | विशेषाँक प्रकाशन | ९००००/- |
| १३ | रिपोर्टस क्लब नेपाल | सन्देशमूलक सूचना प्रकाशन | ४५२००/- |
| १४ | नागरिक दैनिक | सन्देशमूलक सूचना प्रकाशन | १००००/- |
| १५ | नयाँपत्रिका दैनिक | सन्देशमूलक सूचना प्रकाशन | १००००/- |
| १६ | समता टेलिभिजन | सन्देशमूलक सूचना प्रकाशन | १००००/- |
| १७ | दैनिक लुम्बिनी | वार्षिक प्रगति प्रकाशन | २५०००।- |
| १८ | नेपाल प्रेस युनियन लुम्बिनी प्रदेश | अनुदान | ९००००।- |

३२. बुटवल उपमहानगरपालिका वडा नं. १० अन्तर्गत रामनगरमा निर्माण भएको आधुनिक पशुबधशाला सञ्चालन व्यवस्थापन सम्बन्धमा बुटवल उपमहानगरपालिका सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई) द्वारा मिति २०७८/०६/०७ गते प्रकाशित मनसाय पत्र आह्वान सम्बन्धी सूचना बमोजिम बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि.ले पेश गरेको प्रस्तावको सन्दर्भमा देहायका बुँदाहरूमा स्पष्टता नभएको ।

- मनसायपत्र आह्वान हुँदा प्रयाप्त प्रतिस्पर्धा भएको देखिएन ।
- बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि.ले पेश गरेको प्रस्तावमा मासु उत्पादन गर्ने प्रशोधन गर्ने कुनै इजाजत पत्र पेश भएको देखिएन ।

"समानता, स्वाभिमान र अवसर - बस्नयोग्य बुटवल शहर"

- कार्यालयले तयार गरेको बिड डकुमेण्टको ढाँचामा कार्यालयलाई बुझाउने रकम उल्लेख नगरी नाफाको पाँच प्रतिशत भनी उल्लेख गरेको तर पाँच प्रतिशत भनेको कति अंक हो ? नाफा हुने निश्चित आधार के हो ? आदि विषयहरूमा अन्योलता देखिएको ।
- प्रस्तावक कम्पनीले बिड डकुमेण्टमा नाफाको ५% उल्लेख गरेको र दश वर्षे कार्ययोजनामा रू. ४७,३०,०००।- (सतचालिस लाख तिस हजार रूपैयाँ) बुझाउने मनसायपत्र पेश गरेको ।
- मनसाय पत्रको टेण्डर प्रक्रियामा कतै सार्वजनिक निजी साझेदारी ऐन र कतै सार्वजनिक खरिद ऐनं आकर्षित हुने गरी प्रक्रिया अगाडि बढेको देखिएको ।
- मनसायपत्र सम्बन्धी प्रष्टताको लागि प्रस्तावक कम्पनी र सरोकारवालाहरू बीच वैठकमा छलफल हुँदा २ वर्षको रकम छुट गरिदिन माग राखेको ।

उल्लेखित अन्योलताको कारण मनसायपत्रको अध्ययन गरी राय सुझाव दिनका लागि बुटवल उपमहानगरपालिकाका तत्कालिन अधिकृत नवौं विष्णुप्रसाद खनालको संयोजकत्वमा मिति २०७९ भदौ २० गते गठन गरिएको ५ सदस्यीय सुझाव समितिको प्रतिवेदन र यस उपमहानगरपालिकाका कानुन अधिकृत ध्रुव भट्टराईको राय सुझावको आधारमा बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि.ले पेश गरेको मनसायपत्र रद्द गरी पुन: प्रक्रियामा जान उपयुक्त हुने देखी स्वीकृतिका लागि मिति २०८०/०२/०२ मा कार्यालयबाट पेश हुन आएको टिप्पणी माथि छलफल हुँदा उल्लेखित पृष्ठभुमि, कार्यदलको सुझाव समेतका आधारमा उक्त मनसायपत्र रद्द गरी सो मनसायपत्र दाखिला हुँदा राखेको धरौटी रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता दिने र सो विषयमा पुन: प्रक्रियामा जानका लागि कार्यालयलाई निर्देशन दिने भनी मिति २०८०/०२/०३ मा बसेको नगर कार्यपालिकाको वैठकको निर्णय नं. १७.३ बाट निर्णय भएको । सोही अनुरूप आधुनिक पशुबधशालाको सञ्चालन व्यवस्थापन (आय ठेक्का) का लागि वार्षिक न्यूनतम कवोल अंक रू. ५०,१८,०००।- पचास लाख अठार हजार मात्र (भ्याट बाहेक) कायम गरी ठेक्काको सूचना प्रकाशन गर्ने कार्य स्वीकृत गरियो । उक्त आधुनिक पशुबधशाला (आ.व. ०८०/०८१ देखि आ.व. ०८४/०८५ असार मसान्तसम्म) ५ वर्षका लागि ठेक्का बन्दोबस्ती मार्फत सञ्चालन व्यवस्थापन गर्ने गरी नियमानुसार सूचना प्रक्रिया अगाडि बढाउने भनी मिति २०८०/०२/३१ मा बसेको नगर कार्यपालिकाको वैठकको निणर्य नं १८.७ बाट निर्णय भई मिति २०८०/०३/०३ को राष्ट्रिय दैनिक क्रान्तिपुर पत्रिकामा खुल्ला प्रतिस्पर्धाबाट उक्त आधुनिक पशुबधशाला सञ्चालन गर्ने गरी आय ठेक्का सम्बन्धी टेण्डर समेत आह्वान भइसकेको हुँदा कार्यपालिका र नगर कार्यपालिकाको कार्यालयबाट आधुनिक पशुवधशाला सञ्चालनका लागि भएका उल्लेखित कार्यलाई समर्थन एवं अनुमोदन गरियो ।

३३. मिति २०८०/०३/०७ मा बसेको नगरसभाको तेह्रौं अधिवेशनको दोस्रो बैठकबाट स्थानीय सेवा, जनशक्ति विकास, व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी नीतिको बुँदा नं. १९ मा बुटवल उपमहानगरपालिकामा कार्यरत नगर प्रहरी र कार्यालय सहयोगी जस्ता विभिन्न पदका करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराई सुविधा उपलब्ध गराउने नीति बमोजिम नगर प्रहरी र करारका कर्मचारीका लागि सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि बजेटको समेत सुनिश्चितता भएको हुँदा कार्यरत करारका सम्बन्धित कर्मचारीहरूबाट निजहरूले खाइपाई आएको शुरु तलब स्केलको ११% कट्टा गरी जम्मा गराउने र उपमहानगरपालिकाले सोमा २०% थप गर्ने गरी कोषको स्थापना गर्न र सोही अनुरूपको आवश्यक प्रक्रिया अगाडि बढाउन नगरपालिका मार्फत नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३४. बुटवल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७४ कार्यान्वयको सन्दर्भमा केही दफा उपदफाहरूमा संशोधन आवश्यक देखिएको हुँदा देहाय बमोजिम हुने गरी उल्लेखित ऐनमा (दोस्रो संशोधन २०८०) संशोधन गर्ने निर्णय गरियो ।

| सि. नं. | ऐनको दफा, उपदफा | भएको व्यवस्था | संशोधन वा थप गर्नका लागि प्रस्ताव | कारण |
|---|---|---|---|---|
| १ | दफा २ (ग) | अध्यक्ष भन्नाले | खारेज गर्ने | प्रमुखको परिभाषा भएकोले |
| २ | दफा ९ (१) (क) | २ करोड ......... | उक्त दफा ९ (१) (क) खारेज गर्ने | सबै आयोजना कार्यपालिकाबाट स्वीकृत हुने भएकोले |
| ३ | दफा ९ (१) (ग) को प्रतिवन्धात्मक वाक्यांश | ...... दफा १० बमोजिमको सानिसा समितिले गर्नेछ । | ......कार्यपालिकाले गर्नेछ । | अन्य दफासँग मिलान गर्नुपर्दा |
| ४ | दफा १० को उपदफा (२) | ........ आयोजना सम्झौताको स्वीकृति दिने अख्तियारी सानिसा समितिमा रहनेछ । ..... | ........ आयोजना सम्झौताको स्वीकृति दिने अख्तियारी नगर कार्यपालिकामा रहनेछ । ..... | अन्य दफासँग मिलान गर्नुपर्दा |
| ५ | दफा ११ को उपदफा (२) बुँदा (छ) | छनौट भएका प्रस्तावकसँग वार्ता गर्ने तथा आयोजना सम्झौता गर्ने, | छनौट भएका प्रस्तावकसँग वार्ता गर्ने तथा आयोजना सम्झौता गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने, | अन्य दफासँग मिलान गर्नुपर्दा |

| | | | | |
|---|---|---|---|---|
| ६ | दफा १५ (४) | दफा ९ (१) मा उल्लेखित ......... | खारेज गर्ने | आयोजनाको स्वीकृति कार्यपालिकाले दिने भएकोले |
| ७ | २३ (३) को प्रतिवन्धात्मक वाक्यांश | तर ...... | यस ऐन बमोजिमका आयोजनाहरु कार्यान्वयन गर्न सानिसा समितिले कार्यपालिकाबाट स्वीकृती प्राप्त गर्नु पर्नेछ । | आयोजनाको स्वीकृति गर्ने अधिकार कार्यपालिकाको भएकोले |
| ८ | दफा २५ को उपदफा (१) | .............दुई सय सत्तरी दिनमा नबढ्ने गरी सानिसा इकाईले तोकेको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन सम्बन्धी तोकिए बमोजिमका विवरणहरु सानिसा इकाई समक्ष पेश गर्नु पर्नेछ । | ............ दुई सय सत्तरी दिनमा नबढ्ने गरी **नगरकार्यपालिकाले** तोकेको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन सम्बन्धी तोकिए बमोजिमका विवरणहरु सानिसा इकाई समक्ष पेश गर्नु पर्नेछ र सानिसा इकाईले उक्त विवरण **नगरकार्यपालिकामा** पेश गर्नेछ । | अन्य दफासँग मिलान गर्नुपर्दा |
| ९ | दफा २५ को उपदफा (२) | ...........समयावधि थपको लागि सानिसा इकाई समक्ष निवेदन दिएमा सानिसा इकाईले बढीमा ........... | ..........समयावधि थपको लागि **नगरकार्यपालिका** समक्ष निवेदन दिएमा **नगरकार्यपालिकाले** बढीमा ........... | अन्य दफाहरूसँग मिलान गर्नुपर्दा |
| १० | दफा २६ को उपदफा (१) | ...........उपयुक्त नदेखिएमा सानसिा इकाईले सो कारण........ | ..........उपयुक्त नदेखिएमा **नगरकार्यपालिकाले** सो कारण........ | अन्य दफाहरूसँग मिलान गर्नुपर्दा |
| ११ | दफा २६ को उपदफा (२) | ........प्रस्तावकले सानिसा इकाईसँग कुनै किसिमको....... | ........प्रस्तावकले **नगरकार्यपालिका** सँग कुनै किसिमको....... | अन्य दफाहरूसँग मिलान गर्नुपर्दा |
| १२ | दफा २९ को उपदफा (१) | ........सम्झौता गर्न उपयुक्त देखिएमा सानिसा समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ । | ........सम्झौता गर्न उपयुक्त देखिएमा **नगरकार्यपालिकाले** प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ । | अन्य दफाहरूसँग मिलान गर्नुपर्दा |

"समानता, स्वाभिमान र अवसर - बस्नयोग्य बुटवल शहर"

| | | | | |
|---|---|---|---|---|
| १३ | दफा २९ को उपदफा (२) | ...सम्झौता सानिसा समितिको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नेछ । | ....सम्झौता **नगरकार्यपालिकाको** तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नेछ । | अन्य दफाहरूसँग मिलान गर्नुपर्दा |
| १४ | दफा ३३ | .......सम्झौता गरेपछि सानिसा इकाईले प्रस्तावकलाई............... | ........सम्झौता गरेपछि **नगरकार्यपालिकाले** प्रस्तावकलाई............... | अन्य दफाहरूसँग मिलान गर्नुपर्दा |

उपाध्यक्षज्यू, सचिवज्यू एवं सदस्यज्यूहरू,

अव हामी बुटवल उपमहानगरपालिकाको नगर सभाको तेह्रौं अधिवेशनको अन्तिममा आइपुगेका छौं । हामीले हालसम्म भए गरेका कामकारवाहीहरूलाई अनुमोदन गर्ने । आफ्नो श्रोत र साधनहरूले संभव नहुने खालका योजनाहरू सङ्घीय र प्रदेश सरकारमा अनुरोध गर्ने गरी निर्णय लिएका छौं । हाम्रो सभा अनुशासित छ । अन्य स्थानीय तहहरूले पनि अनुशरण गर्ने लायकको छ । उपस्थित सदस्यज्यूहरू तपाईहरूले जुन धैर्यता र शिष्टता देखाउनु भएको छ । यो उदाहरणीय छ । राजश्व असुलीमा हामीहरू रातदिन नभनी दिलोज्यानले लागौं । राजश्व असुलीका लागि संकल्प गरौं । हामीहरूले पनि दलहरूको वीचमा पनि कसम खाएका छौं । बुटवललाई समृद्ध वनाउन हामीहरू लाग्नु पर्दछ । हामीहरूले सानो भन्दा सानो व्यवसायीलाई पनि सवोधन गर्नुपर्ने हुन्छ । हामी नगर सभा सम्पन्न गरी फर्कदै गर्दा कसैले सोध्यो भने हामीले सौन्दर्यीकरण, खानेपानी, विद्युत, भौतिक पूर्वाधार र मानवीय संसाधनको पक्षलाई प्राथमिकताका साथ अगाडि बढाएका छौं र कार्यान्वयनका लागि कटिबद्ध छौं भन्ने कुरालाई जोड दिनु हुन सबैमा अनुरोध गर्दै बुटवल उपमहानगरपालिकाको नगर सभाको तेह्रौं अधिवेशन समग्रतामा सफल भएको हुँदा उपस्थित सबैलाई धन्यवाद दिदै बुटवल उपमहानगरपालिकाको नगर सभाको तेह्रौं अधिवेशन यहि समाप्त भएको जानकारी गराउँदछु ।

८०/०३/१३

खेलराज पाण्डेय
सभाध्यक्ष
बुटवल उपमहानगरपालिका
नगरसभा